हिमा गाउँपालिका

# स्थानीय राजपत्र


| | | |
|---|---|---|
| खण्ड : ६ | संख्या : ६ | मिति : २०७८ |


भाग–२

## हिमा गाउँपालिका

कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

# निजि वन दर्ता सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना** : राष्ट्रिय वनलाई ब्यवस्थित वन, वनको संरक्षण, वनको महत्वलाई सर्वसाधारणलाई सु-सुचित गराउन वन ऐन, २०७६ को दफा २५ मा ब्यवस्था भए बमोजिम हिमा गाउँपालिका जुम्लाले निजी वन दर्ता सम्वन्धि कार्यविधि बनाई लागु गर्न वाञ्छनीय भएकोले हिमा गाउँपालिका जुम्लाले यो कार्यविधि बनाई लागु गरेको छ ।

# परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम निजी वन कार्यविधि २०७८ रहेको छ

२. यो कार्यविधि हिमा गाउँपालिकाको गाउँ सभाले पारित गरेको दिन देखी लागु हुनेछ ।

३. ऐन भन्नाले वन ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

४. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **"आखेटोपहार"** भन्नाले वन्यजन्तुको जिवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनिहरुको शरिरको कुनै अङ्ग सम्झनु पर्दछ र सो शब्दले वन्यजन्तुको शरिरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुलाई समेत जनाउछ ।

ख) **"गैर काष्ट वन पैदवार"** भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वन बाहिर रहेका रुखहरुबाट उत्पादित काठ र दाउरा बाहेकका जडिबुटी तथा बन्यजन्तु वा बन्यजन्तुको

ओखेटोपहार लगायत अन्य सवै जैविक उत्पतीका बस्तु सम्झनु पर्छ ।

ग) **“टाँचा"** भन्नाले काठ वा खडा रहेका रुखमा लगाईने छाप चिन्ह वा निसाना सम्झनु पर्छ ।

घ) **“निजी वन ब्यवस्थापन पद्धती"** भन्नाले निजी वनको ब्यवस्थापनको लागि अपनाईएका पद्धती सम्झनु पर्छ ।

ङ) “बातावरणीय परिक्षण" भन्नाले प्रचलित कानून बमोजिम गरिने सम्क्षिप्त वातावरणिय अध्ययन, प्रारम्भिक वातारवरणीय परिक्षण र बातावरणीय प्रभाव मुल्याङ्कन सम्झनु पर्छ ।

च) “**वातावरणीय सेवा"** भन्नाले वन  क्षेत्रको पारिस्थितिकिय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनु पर्छ ।

(१) कार्वन सेवा

(२) जैविक विविधताको संरक्षण

(३) जलाधार तथा जलचक्र प्रणाली

(४) पर्यावरण

छ) **“स्थानीय तह"** भन्नाले हिमा  गाउँपालिका कालिकाखेतु सम्झनु पर्छ ।

ज) **“गाउँसभा"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ मा गठन भएको गाउँ सभा सम्झनु पर्छ ।

# परिच्छेद-२

१. निजी वनको भू-स्वामित्व, भू-उपयोग, निजि वन दर्ता तथा सिमा सम्वन्धि ब्यवस्था : (१) निजी वनको भू-स्वामित्व, भू-उपयोग सम्वन्धित ब्यक्तिको हुनेछ ।

**स्पष्टीकरणः** उपनियम १ मा डिभिजन वन कार्यालयले निर्दिष्ट गरे बमोजिमको भू-स्वामित्व रहेन गरी हिमा गाँउपालिका जुम्लाले निजी वन दर्ता गर्नेछ ।

२. **निजी वनको उपयोगिता : (१)** निजी वन दर्ता गर्ने ब्यक्तिले उत्पादन भएका वन पैदावारका वस्तुहरु डिभिजन वन कार्यालयको नियमानुसार उपभोग गर्न पाउनेछ ।

३). **वनक्षेत्र भित्र बसोवास वा पुर्नवास गर्न नपाउने : (१)** रुख भएको कुनै पनि वन क्षेत्रभित्र बसोवास वा पूर्नवासका लागि प्रयोग गरिने छैन ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडी वन सम्वन्धि तत्काल प्रचलित कानूनको अधिनमा रहि बसोवास वा पुर्नवास गरिएका जग्गामा त्यस्तो जग्गा प्रदान गर्दाको वखत देखिनै रहेका रुखहरु नेपाल सरकारको स्वामित्वमा रहनेछन ।

४. **सिमसार क्षेत्रको ब्यवस्थापनः (१)** नीजि वन क्षेत्रभित्रको सिमसार क्षेत्रको संरक्षण, सम्वर्द्धन र ब्यवस्थापन सम्वन्धित पक्षको हुनेछ ।

५. **नीजि वनको सिमा निर्धारण :** (१) जिल्ला वन कार्यालय तथा नापी शाखा जुम्लाले निर्धारण गरेको वन क्षेत्रलाई जनाउने छ ।

६. **निजी वन फिर्ता लिन सक्ने (१)** डिभिजन वन कार्यालय/ हिमागाउँपालिकाको कार्यविधिले तोकेको मापदण्ड विपरित कुनै कार्य गरेको देखेमा गाउँपालिकाको कार्यालयले नीजि वन फिर्ता वा रद्ध गर्न सक्नेछ ।

# परिच्छेद-३

# विविध

१. **निजि वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्ने** : (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग संचालन गर्नु पूर्व डिभिजन वन कार्यालय, गाउँपालिका कार्यालयमा उत्पादन गर्ने बस्तु वा सेवाको बारेमा जानकारी गराउनु पर्नेछ ।

२. **प्रतिवन्ध लगाउन सक्नेः (१)** नेपाल सरकाले जैविक विविधतामा कुनै प्रजातीको संरक्षण वा  बातावरण संरक्षणको लागि तोकिएका वन पैदावारको संङकलन, कटान, उपभोग, ओसार पसार, विक्रि वितरण वा विदेश निकासीमा प्रतिवन्द लगाउन सक्नेछ ।

३. **सुराकीलाई पुरस्कार दिन सक्नेः (१)** यस कार्यविधि विपरित कार्य हुन लागेको सुराकी दिने वा आपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा ब्यक्तिलाई कसुरदारलाई हुने जरिवानाको १० प्रतिशत पुरुस्कार स्वरुप दिईने छ ।

४. **प्रचलित कानून बमोजिम हुने : (१)** यो कार्यविधिमा लेखिए जति कुरामा यस कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।